# उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८२ साल आश्विन २४ गते शुक्रबार)

**आदरणीय सेयरधनी महानुभावहरु,**

मुक्तिनाथ विकास बैंक लि.को सञ्चालक समितिको मिति २०८२ असोज १० गते शुक्रबार बसेको ३५९ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८२ कार्तिक १५ गते, शनिवार (तदनुसार नोभेम्बर १, २०२५)

**समय :** बिहान १०:०० बजे ।

**स्थान :** होटल पोखरा ग्राण्ड, पार्दी, बिरौटा, पोखरा, कास्की ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. यस विकास बैंकको सहायक कम्पनी मुक्तिनाथ क्यापिटल लि.को आ.व. २०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक श्री ए. पी. एण्ड एशोसिएट्स, चाटर्ड एकाउण्टेन्ट्स पुनः नियुक्ति हुनका लागि योग्य हुनुहुन्छ ।)

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को ४.६७ प्रतिशतले हुने रकम रु. ३२,९०,९२,००६.८९ (अक्षरेपी बत्तीस करोड नब्बे लाख बयानब्बे हजार छ रुपैयाँ उनान्नब्बे पैसा मात्र) (बोनस सेयर र नगद लाभांशको कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण सेयर तर्फको हाल कायम साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु. ९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विकास बैंकको साधारण सेयर तर्फको चुक्ता पूँजी रु.७,०४,६९,३८,०४९.०८ (अक्षरेपी सात अर्ब चार करोड उनन्सत्तरी लाख अठ्तीस हजार उनन्पचास रुपैयाँ आठ पैसा मात्र) को १३.५३ प्रतिशतले हुने रकम रु. ९५,३४,५०,७१८.०३ (अक्षरेपी पन्चानब्बे करोड चौतीस लाख पचास हजार, सात सय अठार रुपैयाँ तीन पैसा मात्र) बोनस सेयर वितरण पश्चात साधारण सेयर तर्फ रु ८,००,०३,८८,७६७.११ (अक्षरेपी आठ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) र गत वर्ष पारित भएको रु. १,००,००,००,०००.०० (अक्षरेपी एक अर्ब मात्र) को अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी भए पश्चात बैंकको जारी तथा चुक्ता पूँजी रु. ९,००,०३,८८,७६७.११ (अक्षरेपी नौ अर्ब तीन लाख अठासी हजार सात सय सतसठ्ठी रुपैयाँ एघार पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने र सोही बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफा संशोधन गर्ने ।

३. विकास बैंकको उन्नाइसौं साधारण सभामा प्रस्ताव भए बमोजिम पूँजी वृद्धि पश्चात, नेपाल राष्ट्र बैंकले तोकेको प्रावधान अनुसार यस विकास बैंकलाई वाणिज्य बैंकमा स्तरोन्नतिको लागि आवश्यक प्रकृया अगाडि बढाउन सञ्चालक समितिलाई अख्यिारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको सेवा सुविधा पुनरावलोकन गरी सोही बमोजिम नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

५. यस मुक्तिनाथ विकास बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति/समाहित (Acquisition/Merger) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा मर्जरसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

६. विकास बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनको लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने ।

७. विविध :

**द्रष्टव्य:** उन्नाइसौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ असोज ३१ गते, शुक्रबार (१ दिन) यस विकास बैंकको सेयर दाखिल खारेज बन्द (Book Closed) हुने व्यहोरा सेयरधनी महानुभावहरुलाई जानकारी गराइन्छ ।

सञ्चालक समितिको आज्ञाले

**डण्डपानी ढकाल**

(कम्पनी सचिव)

## उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :

१. उन्नाइसौं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८२ असोज ३१ गते, शुक्रबार (१ दिन) विकास बैंकको सेयरधनी दर्ता किताब बन्द (Book Closed) रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२ असोज ३० गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि.(Muktinath Capital Ltd.) नारायणचौर, नक्साल, काठमाण्डौमा प्राप्त सेयर नामसारीको लिखतको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले सो सभामा भाग लिन सक्नेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने सम्पूर्ण सेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न सेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन बिहान ०८:०० बजेदेखि खुल्ला रहनेछ ।

४. छलफलका विषयहरु मध्ये, विविध शिर्षक अर्न्तगत कुनै प्रस्ताव भएमा छलफल गर्न इच्छुक सेयरधनीले साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

५. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने सेयरधनीहरुले, प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात मिति २०८२ कार्तिक १३ गते बिहान १०:०० बजे भित्र बैंकको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । बैंकको सेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफ्नो सेयर विभाजन गरी, तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिएको प्रोक्सी बदर हुने छ ।

६. प्रोक्सी नियुक्त गरी सक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा निजले दिईसकेको प्रोक्सी स्वतः बदर हुने छ ।

७. एकै सेयरधनीले एक भन्दा बढी प्रोक्सीहरु दिइसकेको अवस्थामा यस अघि दिइएका सबै प्रोक्सी बदर गरी पछिल्लो प्रोक्सीलाई मान्यता दिइयोस भनी छुट्टै पत्र लेखी ४८ घण्टा अगावै अर्थात २०८२ कार्तिक १३ गते बिहान १०:०० बजे भित्र दर्ता गराएको अवस्थामा, अघिल्ला प्रोक्सीहरु स्वतः बदर भएको मानी, पछिल्लो प्रोक्सीलाई मान्यता दिइने छ ।

८ नाबालक सेयरधनीको सन्दर्भमा, सेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिले मात्र संरक्षकको हैसियतले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न समेत सक्नु हुनेछ ।

९. साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र विकास बैंकको केन्द्रीय कार्यालय काठमाण्डौ महानगरपालिका-३, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध छ ।

**पुनश्चः** कम्पनीको आर्थिक विवरण, सेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाइने छ । साथै कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन, सेयरधनी महानुभावहरुले कम्पनीको केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाण्डौमा तथा यस विकास बैंकको सेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि. नारायणचौर, नक्साल, काठमाण्डौमा आई, निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका गराईन्छ । आर्थिक विवरण लगायत वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.muktinathbank.com.np मा हेर्न सक्नुहुनेछ ।

**वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ आश्विन १२ गते आइतवारको कारोबार राष्ट्रिय दैनिक हेर्नुहुन अनुरोध गरिन्छ ।**

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ